छत्रकोट गाउँपालिका
Chhatrakot Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
चोयगा, गुल्मी
Choyaga, Gulmi

प.सं./Ref. No.: ०८१/८२ (081/82)
सूचना नं./Notice No.: ६२

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

### तहवृद्धिका लागि आवेदन फाराम पेस गर्ने सम्बन्धी सूचना !!!

(सूचना प्रकाशित मितिः- २०८२।०३।१८)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम मिति २०८२।०३।३२ गते सम्म तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका,दफा ३४ बमोजिमको अवस्था विद्यामान नरहेका उपयुक्त उम्मेदवारहरुले पाँचौ/छैठौं/सातौं/आठौं तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपी,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत